United Nations एस्/२००९/१

Security Council
संयुक्त राष्ट्रसंघ
सुरक्षा परिषद्

Distr.: General
२ जनवरी २००९

Original: English

# नेपालले आफ्नो शान्ति प्रक्रियामा सहयोग पुऱ्याउन संयुक्त राष्ट्रसंघलाई गरेको अनुरोधका सम्बन्धमा महासचिवको प्रतिवेदन

## एक. परिचय

१. यो प्रतिवेदन राष्ट्रसंघीय सुरक्षा परिषद्को १८२५ (२००८) बमोजिम पेश गरिएको हो, जसअन्तर्गत नेपाल सरकारको अनुरोधपछि तथा महासचिवको सिफारिस अनुसार र प्रस्ताव १७४० (२००७) ले तय गरे अनुरूप नेपालस्थित राष्ट्रसंघीय मिसन (अन्मिन) को कार्यावधि २००९ जनवरी २३ (२०६५ माघ १०) सम्मका लागि नवीकरण गरिएको थियो। नेकपा (माओवादी) तथा नेपाली सेनाका सैनिक जवान तथा हतियार व्यवस्थापनको अनुगमन गर्नेलगायतका कार्यदिशका साथ विशेष राजनीतिक मिसनका रूपमा अन्मिनको स्थापना गरिएको थियो।

२. यस प्रतिवेदनमा २४ अक्टोबर २००८ (२०६५ कार्तिक ८) को मेरो प्रतिवेदन (एस्/२००८/६७०) पछिको समयावधिमा शान्ति प्रक्रियामा भएको प्रगति र मिसनको कार्यदिशको कार्यान्वयनको समीक्षा गरिएको छ।

## दुई. शान्ति प्रक्रियामा प्रगति

३. गत ३१ अक्टोबर र १ नोभेम्बर २००८ (कार्तिक १५ र १६)मा मैले नेपालको भ्रमण गरेको थिए र त्यहाँ संविधानसभालाई सम्बोधन गर्ने तथा मुलकले अनुभव गरेको ऐतिहासिक रूपान्तरणसँग सम्बद्ध सबै पक्षलाई हार्दिक बधाई ज्ञापन गर्ने मौका पाएको थिए। मेरो भ्रमणका क्रममा मैले राष्ट्रपति रामवरण यादव, प्रधानमन्त्री पुष्पकमल दाहाल "प्रचण्ड" लगायत प्रमुख राजनीतिक दलका नेताहरूलाई भेटेको थिए। माओवादी सेनाको पुनर्स्थापना र समायोजन नै तत्कालका लागि सबभन्दा ठूलो चुनौति रहेको कुरामा मैले जोड दिनुका साथै माओवादी सेनाका लडाकुहरूको सुपरिवेक्षण, समायोजन र पुनर्स्थापनका लागि विशेष समितिको गठनका लागि सरकारले २८ अक्टोबर (कार्तिक १२) मा गरेको घोषणाको स्वागत गरेको थिए। विशेष समितिमा प्रतिनिधित्व गरेका सबै पक्षलाई सो समितिले आफ्नो महत्त्वपूर्ण काम चाडोभन्दा चाडो सुरु गरोस् भन्ने कुरा सुनिश्चित गर्नका लागि प्रोत्साहित गरेको थिए। यसैगरी मैले सरकारलाई योग्य नठहरिएका व्यक्ति, विशेष गरी नाबालिगहरूको बिदाइका सम्बन्धमा चाँडोभन्दा चाँडो अगाडि बढ्न पनि आह्वान गरेको थिए।

४. माओवादी नेतृत्वको गठबन्धन सरकारले अगस्त महिनामा सपथग्रहण गरेपछि, शान्ति

08-67498 (E) 070109

प्रक्रियासम्बन्धी महत्त्वपूर्ण विषयहरूमा प्रगति सुस्त गतिमा भएको छ, मूलतः विशेष समितिले आफ्नो कार्य सम्पादन गर्न अझै बाँकी छ। अन्तरिम संविधान बमोजिम सन् २०१० को मे महिना सम्ममा सम्पन्न गर्नु पर्ने संविधानको निर्माण गर्नका लागि आवश्यक नियमावलिमा संविधानसभा सहमत हुनुका साथै विभिन्न समितिमा मनोनयन प्रक्रिया पूरा भएतापनि संविधानसभाले आफ्नो महत्त्वपूर्ण काम सुरु गर्न अझ बाँकी नै छ। सरकारले सशस्त्र समूहहरूसँग सम्पर्क स्थापना गर्ने आफ्नो प्रयासमा केहि प्रगति हासिल गरे तापनि तराईका भूभागमा सुरक्षा स्थिति अझै गम्भीर चिन्ताको विषयका रूपमा रहेको छ।

५. व्यवस्थापिका संसदको हैसियतमा संविधानसभाले आर्थिक वर्ष २००८-०९ को बाँकी अवधिका लागि प्रस्तुत बजेट पारित गर्ने काम बजेटमा उल्लेखित केहि प्रावधानलाई लिएर प्रमुख प्रतिपक्षी दल नेपाली काँग्रेसको विरोधका कारण ढिलो भएको थियो। नेपाली काँग्रेसले आफ्ना निश्चित मागहरू पूरा नगरिएका खण्डमा व्यवस्थापिका–संसदको कामकार्वाही नै ठप्प पार्ने चेतावनी दिएको थियो। ९ नोभेम्बर (कार्तिक २४)मा नेपाली काँग्रेसले शान्ति प्रक्रियासँग जोडिएका तर पूरा नभएका केही माग सहित बजेटसँग सम्बन्धित आफ्ना मागहरू प्रधानमन्त्री समक्ष प्रस्तुत गरेको थियो। उहाँले व्यवस्थापिका-संसदलाई सम्बोधन गर्दै ति मागहरू पूरा गर्नका लागि कार्यान्वयनका उपायहरूबारे सार्वजनिक रूपमा नै सरकारको प्रतिबद्धता जनाउनु भएको थियो। बजेट १४ नोभेम्बर ( कार्तिक २९) मा सर्वसम्मतिले पारित भयो।

६. नेपाली काँग्रेससँग भएको सम्झौता अनुसार माओवादीले द्वन्द्वका क्रममा कब्जा गरेको सम्पत्ति १५ डिसेम्बर २००८ ( २०६५ मङ्सिर ३०) भित्र फिर्ता गर्ने वचन प्रधानमन्त्रीद्वारा दिइएको थियो। नोभेम्बर २००६ (२०६३ मङ्सिर) मा शान्ति सम्झौतामा हस्ताक्षर गरे लगत्तै माओवादीले कब्जा गरिएका जग्गा र सम्पत्ति फिर्ता गर्ने प्रतिबद्धता बारम्बार दोहोऱ्याएको थियो। यसबीच भएको अर्को एक विकासक्रम अनुसार सरकारले ३० नोभेम्बर (मङ्सिर १५) मा राष्ट्रिय भूमि अधिकार मञ्चसँग भूमिहिनतासम्बन्धी बृहत् समस्याको समाधानका लागि ४ बुँदे सम्झौता गरेको थियो र १० डिसेम्बर (मङ्सिर २५) मा सरकारले वैज्ञानिक भूमि सुधार आयोगको गठनको घोषणा गरेको थियो।

७. अन्य सबै दलहरूको निरन्तर आलोचना खेपिरहेको नेकपा माओवादी सम्बद्ध योङ्ग कम्युनिष्ट लिगको “अर्धसैन्य गतिविधि”को पनि अन्त्य गर्ने सहमति प्रधानमन्त्रीले जनाउनु भएको थियो। लिगका सदस्यहरूद्वारा धादिङमा गत २० अक्टोबर (कार्तिक ४) मा अपहरित २ युवा १८ नोभेम्बर (मङ्सिर ३) मा मृत अवस्था पाइएपछि सोका विरुद्ध भएको विरोध कार्यक्रमका कारण २० नोभेम्बर (मङ्सिर ५) राजधानी नै ठप्प भएको थियो।

८. प्रधानमन्त्रीले, माथिका दुई प्रमुख मागहरू पूरा गर्नका लागि कार्यान्वयनका उपायमा सहमति जनाउनुका अतिरिक्त, माओवादीका नेताहरूको सुरक्षाका लागि माओवादी सेनाका लडाकुहरू र हतियारको प्रयोग आइन्दा नगरिने; माओवादी सेनाका शिविरहरूको व्यवस्थापनसम्बन्धी सबै आर्थिक निर्णयहरू विशेष समितिको मातहतमा ल्याईने; र स्थानीय शान्ति समितिको काम, कर्तव्य र अधिकारको समिक्षा गरिने सहमति जनाउनु भएको थियो। यसैगरी, शान्ति प्रक्रियासँग सम्बन्धितमाथि उल्लेखित विषयका अतिरिक्त बजेटसँग सम्बन्धित केही प्रावधानहरूमा समेत संशोधन गरिने वचन दिइएको थियो।

९. नेकपा माओवादीले आफ्नो दलको भविष्यको दिशा तय गर्ने सम्बन्धमा दलको नेतृत्व तहमा रहेको मतभिन्नतालाई सम्बोधन गर्न, २१ देखि २३ नोभेम्बर (मङ्सिर ६ देखि ८) र २५ नोभेम्बर



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

(मङ्सिर १०) मा, दलको तेस्रो मुख्य निर्णायक निकाय, राष्ट्रिय भेला सम्पन्न गरेको थियो। दलको "जनगणतन्त्र" लक्ष्यतर्फको बाटोका सम्बन्धमा बहस पछि, माओवादीले सेनाको समायोजन प्रक्रिया सम्पन्न गर्ने, विकास र पुनर्निर्माणका गतिविधिहरू सञ्चालन गर्ने, आर्थिक वृद्धी प्रबर्द्धन गर्ने र "जनमुखी" संविधान निर्माण गर्ने कुरामा केन्द्रित संक्रमणकालिन अवधिका माध्यमबाट क्रमिक रूपमा अगाडि बढ्ने "जनताको संघीय लोकतान्त्रिक राष्ट्रिय गणतन्त्र" मा माओवादीले प्रतिबद्धता जनायो। दलले, सेना समायोजनका सम्बन्धमा, केन्द्रिय नेतृत्व र डिभिजनका कमान्डर सम्मिलित आन्तरिक सल्लाहकार समिति गठन गर्ने निर्णय गरेको थियो। दलको यो रणनितिका सम्बन्धमा सन् २००९ को मध्यताका आयोजना गरिने दलको महाधिवेशनमा अझै छलफल गरिने भएको छ। माओवादी नेतृत्वले राष्ट्रिय भेलामा गरेको आन्तरिक बहस तथा सार्वजनिक रूपमा दिएका अभिव्यक्तिहरू पार्टीपङ्क्तिभन्दा बाहिर पनि प्रतिध्वनित भएका थिए, र माओवादीले आफ्नो सैन्य पृष्ठभूमि नत्यागेकोमा चिन्ता व्यक्त गरिनुका साथै र बहुदलीय लोकतन्त्रप्रतिको उनीहरूको प्रतिबद्धतामाथि थप प्रश्नहरू उठेका थिए।

१०. गत चैतमा सम्पन्न संविधानसभाको निर्वाचनको परिणामबाट निराश भएको नेपाली कांग्रेसले पनि आफ्नो जनाधार पुनर्निर्माण गर्न, राष्ट्रिय जनजागरण अभियानजस्तो दलगत क्रियाकलाप सम्पन्न गरेको थियो। विभिन्न स्थानमा सम्पन्न आमसभामा नेपाली काँग्रेसका वरिष्ठ नेताहरूले, माओवादीको नेतृत्वमा बनेको सरकारको कटु आलोचना गरेका थिए। १५ डिसेम्बर (मङ्सिर ३०) भित्र सम्पति फिर्ता गर्नेलगायतका आफ्ना मागका सम्बन्धमा प्रधानमन्त्रीद्वारा व्यक्त प्रतिबद्धता बमोजिम परिणाम हासिल नभएको कुरा दर्शाउँदै १८ डिसेम्बर (पुष ३) मा नेपाली काँग्रेसले व्यवस्थापिका संसदको बहिष्कार सुरु गरको थियो।

११. गठबन्धनमा सल्लाह/परामर्शको अभाव र माओवादी कार्यकर्ताहरूको व्यवहारको सम्बन्धमा, गठबन्धनमा सहभागीहरू विशेष गरी, नेकपा एमाले र मधेशी जनाधिकार फोरमले पनि सरकारमा माओवादी नेतृत्वको कटु आलोचना गरेका थिए। गठबन्धन सरकारमा सहभागी साझेदार दलहरू बीच, सरकार चलाउने काममा निर्देशन दिन उच्चस्तरीय राजनैतिक समन्वय समिति गठन गर्ने सहमति भएको छ तर सो निकायले काम सुरु गर्न बाँकी नै छ भने त्यसका सदस्यताको सम्बन्धमा रहेको अन्यौल यथावत छ। अघिल्ला सरकारले जस्तै वर्तमान सरकार पनि शान्ति प्रक्रियासँग सम्बन्धित विषयमा सर्वपक्षीय सहकार्यका लागि महत्त्वपूर्ण हुन सक्ने राष्ट्रिय शान्ति तथा पुनर्स्थापना आयोगको स्थापनाका लागि प्रतिबद्ध रहे पनि सोको गठन पनि हुन बाँकी नै छ। यसै बीच शान्ति प्रक्रिया सम्पन्न गर्न र संविधान मस्यौदा गर्न आवश्यक महत्त्वपूर्ण सर्वपक्षीय सहकार्यको संस्कृति धेरै हदसम्म भङ्ग हुनु व्यापक चिन्ताको विषय बनेको छ र सोका लागि को जिम्मेवार भन्दै आपसी आरोपप्रत्यारोपको पनि जारी नै छ। सहकार्यको अभाव भएमा नेकपा माओवादीले सरकार छोड्ने भनी प्रधानमन्त्रीले सार्वजनिक रूपमा दिनुभएको धम्कीले थप आलोचना निम्तायो।

**संविधान मस्यौदा**

१२. समिति तहमा लामो विवादपछि १४ नोभेम्बर ( कार्तिक २९) मा संविधानसभाले संविधान निर्माणका लागि आवश्यक नियमावलि र कार्यविधि पारित गऱ्यो। त्यसपछि मे २०१० मा संविधान निर्माण सम्पन्न गर्ने गरी संविधानसभाले ८२ हप्ते समयतालिका पनि पारित गऱ्यो। उक्त तालिकामा



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

संविधानसभाको उपाध्यक्षको निर्वाचनका लागि तोकिएको पहिलो तिथि २८ नोभेम्बर (मङ्सिर १३) मा एमालेको समर्थनमा नेकपा माओवादीकी उम्मेदवार पूर्णकुमारी सुवेदी निर्वाचित भए पछि सो काम समय मै सम्पन्न भयो। सो पदका लागि पाँच ससाना दलका उम्मेदवार पनि लडेका थिए। सो पदमा महिला नै रहनुपर्नेमा अधिकांश दलहरूको अनौपचारिक सहमति थियो।

१३. संविधानसभा नियमावलि अनुसार, संविधानसभाको संविधान मस्यौदासम्बन्धी भूमिका १४ वटा समितिले निर्वाह गर्नेछन्। ६१ जना सदस्य रहने संवैधानिक समिति नै संविधान मस्यौदासम्बन्धी मुख्य समिति हो र १० वटा विषयगत समितिले तयार पारेर प्रस्तुत गरेका अवधारणापत्रमा आधारित भइ यस समितिले आफ्नो काम गर्छ र प्रस्तावना र हरेक धारालाई संविधानसभाले पारित गरेपछि यस समितिले अन्तिम रूप दिनेछ। संविधान निर्माण प्रक्रियामा जनसहभागिता र जनचेतनालाई सुनिश्चित गर्नका लागि सहयोग पुऱ्याउन जनमतको अनुगमन गर्न संविधानसभाका ३ वटा प्रशासनिक समितिहरू, नागरिक सम्बन्ध समिति, जनमत सङ्कलन तथा समन्वय समिति र क्षमता अभिवृद्धि तथा स्रोत व्यवस्थापन समिति जिम्मेवार हुन्छन्। अधिकतम ४३ सदस्य रहन सक्ने ती समितिहरूले सरकारी पदाधिकारी एवम् विशेषज्ञहरूबाट विशिष्ट राय तथा योगदान ग्रहण गर्न सक्नेछन्। व्यवस्थापिका-संसद्को हैसियतमा सभाको भूमिका अन्य थप १० वटा समितिले निर्वाह गर्ने छन्। १५ डिसेम्बर (मङ्सिर ३०) मा गठित संविधानसभाका समितिहरूमा निर्वाचित राजनीतिक दलहरूले आ-आफ्ना सदस्यको मनोनयन गरिसकेका छन् तर ति सबैमा अध्यक्षको निर्वाचन भने अझै हुन बाँकी नै छ।

१४. नियमावलिका लागि भएका सौदावाजीमा मुख्यतः २ वटा बुँदा विशेष चासोको विषय भएको थियो। ति मध्ये पहिलो, प्रारम्भिक रूपमा प्रस्ताव गरिएको १५ सदस्यीय संवैधानिक समितिको आकार बढाउनका लागि स-साना दलहरूले दबाब दिएका थिए। दोस्रो, सभासदहरूले संवैधानिक प्रावधानमा मतदानका बखत दलको ह्विप मान्नु पर्ने केही ठूला दलहरूले समर्थन गरेको प्रस्तावको स-साना दलहरूले कडा प्रतिवाद गरेका थिए। ती दुबै विषयमा निकै लामो छलफल भएको थियो त्यसपछि संवैधानिक समितिको आकार बढाएर ६१ सदस्यीय बनाइएको थियो। तथापि स-साना दलको र सीमान्तीकृत समूहको कुराको सुनुवाइको सुनिश्चिततामा सहयोग गर्दै यति धेरै सदस्यहरू बीच आमसहमति जुटाउन आवश्यक भएकाले समितिको काम निकै ढिलो हुन सक्ने कुरा पनि चिन्ताको विषय भएको छ। दलको ह्विपको प्रयोगका सम्बन्धमा, अल्पमतमा रहेका स-साना दलहरूले सीमान्तीकृत समुदायको प्रतिनिधित्व गर्ने सभासद्हरूले संवैधानिक प्रावधानहरूमा दलले तोकेकोभन्दा बाहिर गएर आस्थाका आधारमा मत दिन पाउनुपर्ने माग राखेका थिए। दलको ह्विपको प्रयोग र आस्थाका आधारमा दिइने मतकाबारेमा नियमावलिमा कुनै कुरा उल्लेख नगरिकनै सो समस्याको समाधान गरिएको छ।

**समायोजन र पुनर्स्थापना**

१५. २८ अक्टोबर (कार्तिक १२) मा अर्थात् मेरो भ्रमणको ठिक अघि अन्तरिम संविधानको धारा १४६ मा उल्लेख भए बमोजिम माओवादी सेनाका लडाकुहरूको सुपरिवेक्षण, रेखदेख, समायोजन र पुनर्स्थापनाका लागि विशेष समितिको गठन गर्ने घोषणा सरकारले गरेको थियो। २५ जुन (असार ११) मा सम्पन्न सात दलीय गठबन्धनको सम्झौतामा, विशेष समितिमा सरकारमा प्रतिनिधित्व भए वा



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

नभएका “प्रमुख दल”हरूको संलग्नता रहने प्रावधान छ। सरकारको निर्णय अनुसार, सो समितिमा नेकपा माओवादी, एमाले, मधेसी जनाधिकार फोरम र नेपाली काँग्रेसबाट एक एक जना प्रतिनिधि र माओवादीका शान्ति तथा पुनर्निमाण मन्त्री पदेन थप सदस्य र एमालेका प्रतिनिधि तथा गृह तथा उपप्रधानमन्त्री संयोजक हुनेछन्।

१६. विशेष समितिको गठनले लगत्तै आलोचना खेप्न पऱ्यो। २५ जुन (असार ११) मा सात दल बीच सम्पन्न सम्झौताले विशेष समितिको काम कार्वाहीका सम्बन्धमा बृहत् मापदण्ड तय गरेको थियो तर सरकारले निर्णय गरेको विशेष समितिको काम कर्तव्य अधिकार सो सम्झौतासँग मेल नखाएको भन्दै नेपाली काँग्रेसले विरोध गरेको थियो। स-साना विपक्षी दलहरूले आफूसँग परामर्स नगरिएकामा असन्तुष्टि व्यक्त गरेका थिए। ठूला दलहरूले समितिको काम कर्तव्य र अधिकारका सम्बन्धमा रहेको मतभिन्नताहरूलाई छलफलका माध्यमबाट सुल्झाएका छन्। नेपाली काँग्रेसले समितिमा दलहरूको समान प्रतिनिधित्व हुन पर्ने भन्दै समितिको संरचनाको विरोध गरेको थियो तर सो सम्बन्धमा ठूला दलहरू बीच अहिलेसम्म सहमति भएको छैन।

१७. तर सो सम्बन्धमा राजनीतिक नेता र अन्यले पनि फरक फरक मत सार्वजनिक गर्दै आएका छन्। नेपाली काँग्रेसका केहि वरिष्ठ नेताहरूले दिएको वक्तव्य अनुसार उनीहरू माओवादी सेनाका लडाकुहरूको नेपाली सेनामा कुनै पनि खालको समायोजनको पूर्ण विपक्षमा रहेको भान हुन्छ। एमालेका नेताहरूले भने कुनै खालको समायोजन हुँदै नहुने र सम्पूर्ण माओवादी सेनाका लडाकुहरूको पूर्ण समायोजन भन्ने “अतिवादी” अडानका विरुद्धमा रहेको अभिव्यक्ति दिएका छन् तर विशेष समितिको गठन गरी दीर्घकालिन समस्याको समाधान खोज्न तत्पर रहेको वताएका छन्। मधेसी जनाधिकार फोरमले विशेष समितिमा आफ्नो प्रतिनिधि मनोनित गरी सकेको छ र अन्य मधेसी दलसँग मिलेर समग्र सुरक्षा बलमा मधेसी समुदायको व्यापक सहभागिताका लागि आवाज उठाइ रहेको छ र यो कुरा २८ फेब्रुवरी २००८ (२०६४ फागुन १६ ) मा अन्तरिम सरकार र मधेसी दलहरू बीच सम्पन्न सम्झौतामा पनि स्विकार गरिएको छ।

१८. यो प्रतिवेदन प्रस्तुत गर्दाको समयसम्म मे २००६ मा नाबालिग रहेका र अन्मिनको प्रमाणीकरण प्रक्रियाको परिणाम स्वरूप योग्य नठहरिएकाहरूको माओवादी सेनाका शिविरबाट बिदाइ गर्ने काममा अझै पनि कुनै प्रगति हासिल नहुनु खेदजनक कुरा हो। तर नेपाल भ्रमणका क्रममा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिका लागि मेरा विशेष प्रतिनिधि राधिका कुमारास्वामिको प्रधानमन्त्रीले नाबालिगहरूको बिदाइ बिना कुनै विलम्ब सुरु गर्ने आश्वासन दिनु भएको थियो। नाबालिग र पछि भर्ति भएकाहरूको बिदाइ र पुनर्स्थापनामा नेपाल सरकारलाई सहयोग पुऱ्याउन राष्ट्रसंघका साझेदारहरू सदा तत्पर छन्।

### शान्ति प्रक्रियाका अन्य चुनौतीहरू

१९. मन्त्रीस्तरिय समिति गठन गरी र वार्ताका लागि सशस्त्र समूहहरूलाई आमन्त्रण गरी सरकारले तराईका भूभागमा सक्रिय सशस्त्र समूहहरूसँग वार्ता गर्ने आफ्नो मनसायलाई मूर्त रूप दिने प्रयास गऱ्यो। शान्ति तथा पुनर्निर्माण मन्त्री र स्थानीय विकास मन्त्रीले औपचारिक वार्ताको तयारीका लागि सशस्त्र समूहका सदस्यहरूसँग छुट्टाछुट्टै अनौपचारिक वार्ता गरे। प्राप्त जानकारीका अनुसार केही सशस्त्र समूहहरूले निमन्त्रणा स्वीकारेका छन्। तर धेरै सशस्त्र समूहहरू राजनीतिक भन्दा पनि



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

आपराधिक प्रवृत्तिका र आफ्नै सदस्यहरूलाई पकड र नियन्त्रणमा राख्न नसक्ने खालका देखिएकाले वार्ता फलदायी हुने विषयमा केही समुदायिक तथा राजनीतिक नेताहरूले शङ्का व्यक्त गरेका छन्। सिङ्गो तराईलाई नै एक संघीय राज्य बनाउनुपर्ने केही समूहहरूको माग नै सबैभन्दा विवादित माग हो। सशस्त्र समूहबाट भइरहेको हत्या, अपहरण र जबरजस्ती चन्दा असुलीले वार्ताका लागि अनुकूल वातावरण बनाउने काममा थप जटीलता थपेको छ।

२०. राजनीतिक दल र आन्दोलनसँग सम्बद्ध लडाकु युवा दस्ताहरू बढ्ने क्रम जारी छ र प्रतिवेदनको अवधिमा मात्र थप पाँच वटा यस्ता संगठनहरूको गठनको घोषणा भएको थियो। लडाकु युवा दस्ताहरूको गठनले स्थानीय तहमा हिंसाको खतरा बढाउँछ र यस्ता समूहहरूले कानुन कार्यान्वयन गर्ने कथित गतिविधि गर्दा विधिको शासनलाई पुनर्स्थापन गर्ने प्रयासहरूमा प्रतिकुल असर गर्छ र त्यसैपनि मानिसहरूले प्रभावहीन ठान्ने गरेको राज्यका अङ्गहरूको वैधानिकतालाई अझ कमजोर बनाउँछ। विश्वसनीय समाचार अनुसार युवा संगठनहरूमा धेरै बालबालिकाहरू संलग्न छन् र उनीहरूको विरोध प्रदर्शन लगायतका संलग्नताले उनीहरूलाई जोखिममा पार्न सक्छ। आफ्ना युवा भातृ संगठनहरूले वाइसीएलका गतिविधिहरूको प्रतिकार मात्र गरेको अन्य दलहरूको अडान भएको स्थितिमा यसको अर्धसैनिक हैसियतको अन्त्य गर्ने प्रतिबद्धता पूरा गर्ने र देशका कानुनहरूको पूर्ण रूपले पालना गरेको सुनिश्चित गर्ने विशेष जिम्मेवारी नेपाल कम्युनिष्ट पार्टी (माओवादी)मा छ।

२१. शान्ति प्रक्रियाका कैयन् प्रतिबद्धताहरू अझै कार्यान्वयन भएका छैनन्। माओवादीले कब्जा गरेका सम्पत्ति फिर्ता गर्ने सम्बन्धमा पटकपटक प्रतिबद्धता जनाइए तापनि त्यस्ता सम्पत्ति फिर्ताको अनुगमन गर्ने संयन्त्रको निर्माण गर्ने सम्बन्धमा अन्तरिम सरकार वा वर्तमान सरकारसँग भएका कुनै पनि सम्झौताहरूको कार्यान्वयन भएको छैन। हालसम्म कति सम्पत्ति कब्जा भएका छन् र कति फिर्ता गरिएका छन् भन्ने विषयमा कुनै ठोस अभिलेख नभएपनि जग्गा र सम्पत्ति फिर्ता नगरिएका थुप्रै ज्ञात घटनाहरू छन् र सम्पत्ति कब्जा गरिएका थुप्रै नयाँ घटनाहरूसम्बन्धी पनि समाचार प्राप्त हुने क्रम पनि जारी छ। आन्तरिक रूपले विस्थापित व्यक्तिहरू र द्वन्द्वका अन्य पीडितहरूलाई क्षतिपूर्ति दिनका लागि रकम निकासा त गरिएको छ तर कैयौं पीडितहरूले आफ्नो मागलाई सम्बोधन गर्ने ठोस र समतामूलक संयन्त्र नभएको भनि असन्तुष्टी व्यक्त गरेका छन्। शान्ति प्रक्रियासम्बन्धी विभिन्न सम्झौता अनुसार गठन हुनुपर्ने अधिकांश आयोगहरूको गठनका बारेमा थोरै मात्र प्रगति भएको छ। तथापि बेपत्ता पार्ने घटनाहरूलाई अपराध घोषणा गर्ने मस्यौदा विधेयक सरकारले स्वीकृत गरेको छ र यसको बारेमा व्यवस्थापिका–संसदमा छलफल हुन बाँकी नै छ। यसले बेपत्ता पारिएका नागरिकहरूको छानबिन सम्बन्धी आयोगको गठनका लागि बाटो खोल्छ। यसका साथै सरकारले सात सदस्यीय वैज्ञानिक भूमिसुधार आयोगको गठनको घोषणा पनि गरेको छ (अनुच्छेद ६ हेर्नुहोस्)। अन्तरिम सरकारसँग भएको सम्झौतामा व्यक्त गरिएका प्रतिबद्धताहरू पूरा नगरिएकोमा मधेसी दलहरूले चासो देखाउँदै आएका छन्।

## तीन. नेपालस्थित राष्ट्रसंघीय मिसनको हैसियत

२२. १ डिसेम्बर (मङ्सिर १६) सम्ममा मिसनमा स्वीकृत ३९६ जनामध्ये जम्मा ३५५ जना कर्मचारीहरू कार्यरत थिए। २७७ जना गैरसैनिक कर्मचारीहरू मध्ये ८३ जना वा ३० प्रतिशत



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

महिला थिए भने मुख्य इकाइका कार्मचारीहरू मध्ये ४२ प्रतिशत महिला थिए र प्रशासनिक शाखा कर्मचारीहरू मध्ये २५ प्रतिशत महिला थिए। धेरै हदसम्म सदस्य राष्ट्रहरूले आफै मनोनयन गरेर पठाउने हतियार अनुगमनकर्ताहरू मध्ये तीन जना महिला छन्। ४५ प्रतिशत राष्ट्रिय कर्मचारीहरू (१६० मध्ये ७२ जना) एतिहासिक रूपले सीमान्तीकृत समूहहरूबाट रहेका छन्।

२३. मन्त्रीपरिषद्को स्वीकृति पछि मिसनको हैसियत सम्बन्धी सम्झौतामा ५ डिसेम्बर (मङ्सिर २०) मा सम्झौता भएको उल्लेख गर्न पाउँदा म हर्षित छु।

## चार. नेपालस्थित संयुक्त राष्ट्रसंघीय मिसनका गतिविधि

### क. हतियार अनुगमन

२४. हतियार र सेनाको व्यवस्थापनको अनुगमन सम्बन्धी सम्झौताको नेपाली सेना र माओवादी सेनाले पालना गरे नगरेको विषयमा हतियार अनुगमन कार्यालयले अनुगमन कार्य जारी राख्यो। हतियार अनुगमनकर्ताहरूले माओवादी सेनाका सात प्रमुख शिविर स्थलहरूका हतियार भण्डारण क्षेत्रहरूको चौबीसै घण्टा निगरानी गर्ने कार्य जारी राखेका छन् र त्यहीबाट उनीहरूले सहायक शिविर स्थलहरूका साथै नेपाली सेनाका हतियार भण्डारण स्थलहरूको पनि भ्रमण गर्छन्। अन्य कामहरू हतियार अनुगमन कार्यालयको मुख्यालय काठमाडौंबाट खटिने घुम्ती टोलीहरूले गर्छन्।

२५. प्रमुख हतियार अनुगमनकर्ताको अध्यक्षतामा संयुक्त अनुगमन समन्वय समितिको बैठक बस्ने क्रम जारी छ र नेपाली सेना तथा माओवादी सेनाको प्रतिनिधित्व गर्ने वरिष्ठ अधिकारीहरूले निर्णय लिने, सूचनाको आदानप्रदान, विश्वासको वातावरण बनाउने उपायहरू र विवादको समाधान गर्ने सम्बन्धमा निकटतम सहकार्य गर्ने क्रम जारी छ।डिसेम्बर २००६ मा पहिलो पटक बैठक बसेको यस समितिको डिसेम्बरको अन्त्यसम्ममा ८९ वटा बैठकहरू सम्पन्न भइसकेका छन्। प्रतिवेदन अवधिभरि हतियार र सेनाको व्यवस्थापनको अनुगमनसम्बन्धी सम्झौताका उल्लङ्घन भनि आरोपित ६ वटा घटना मध्ये दुईवटालाई उल्लङ्घन नै हो भनेर पुष्टि भयो भने तीनवटा उल्लङ्घन नभएको पुष्टि गरिएको थियो र एउटा विचाराधीन अवस्थामा छ।

२६. हतियार अनुमनकर्ताहरू शान्ति तथा पुनर्स्थापना मन्त्रालयको अनुरोधमा योग्य माओवादी सेनाका जवानहरूलाई मुख्य शिविरहरूमा तलब दिइँदा साक्षी बसे। हाल व्यक्तिविशेषको नाममा बैंकको चेकबाट भुक्तानी हुने गरेको छ।

### ख. बाल संरक्षण

२७. मेरो भ्रमणको सिलसिलामा मैले सरकारलाई नाबालिग र योग्य नठहरिएका माओवादी सैन्य जवानहरूको औपचारिक बिदाइको काम छिटो गर्न अपिल गरेको थिए। मिसनले मे २००६ सम्ममा नाबालिग भएकाले योग्य नठहरिएकाहरूको औपचारिक बिदाइलाई तीव्र पार्न सरकार र नेकपा (माओवादी) सँग छलफल गर्न जारी राख्यो। शान्ति तथा पुनर्स्थापना मन्त्रालयले नाबालिगहरूको बिदाइ विशेष समितिको गठनमा भर नपर्ने बताए तापनि मध्य डिसेम्बरसम्म पनि मिसन र यसका संयुक्त राष्ट्रसंघीय साझेदारहरूसँग बिदाइ र पुनर्स्थापनाको प्रक्रियाका बारे छलफल गर्न मन्त्रालय तयार



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

भइसकेको छैन।

२८. सुरक्षा परिषद्को अनुरोधमा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि मेरा विशेष प्रतिनिधिले १ देखि ६ डिसेम्बर २००८ (२०६५ मङ्सिर १६-२१) सम्म नेपालको भ्रमण गर्नुभयो। उहाँको भ्रमणको उद्देश्य परिषद्को प्रस्ताव १६१२ (२००५) को उहाँको बृहत् कार्यदिशको परिप्रेक्षमा बालबालिकाहरू माथि परेको द्वन्द्वको प्रभावका बारेमा व्यक्तिगत तवरबाट बुझ्नु थियो। विशेष प्रतिनिधिले वरिष्ठ सरकारी पदाधिकारी, सैन्य अधिकारी, संयुक्त राष्ट्रसंघीय निकायहरू, नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोली, गैरसरकारी संस्था र बालबालिकाहरूसँग भेटनुका साथै माओवादी सैन्य शिविरको पनि भ्रमण गर्नुभयो जहाँ उहाँले डिभिजनल र ब्रिगेड कमाण्डरका साथै बिदाइका लागि प्रतीक्षारत नाबालिगहरूसँग पनि भेट गर्नुभयो। प्रधानमन्त्रीले उहाँलाई नाबालिगहरूको बिदाइ कुनै ढिलासुस्ती बिना सुरु हुने वचन दिनुभयो (अनुच्छेद १८ हेर्नुहोस्)।

२९. संयुक्त राष्ट्रसंघीय उच्चायुक्तको कार्यालय (ओएचसीएचआर) र संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) सँग मिलेर बाल संरक्षण शाखाले प्रस्ताव १६१२ (२००५) को कार्यान्वयन सम्बन्धी प्रतिवेदन दिने तथा सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि संयुक्त राष्ट्रसंघीय महासचिवका विशेष प्रतिनिधि मार्फत सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकाका लागि सुरक्षा परिषद्को कार्यदललाई बिदाइसम्बन्धी प्रगति एवम् बाल अधिकारका उल्लङ्घन सम्बन्धी जानकारी दिने काम जारी राख्यो।

## ग. राजनीतिक मामिला

३०. राजनीतिक मामिला कार्यालयले देशको राजनीतिक अवस्थाको अनुगमन र विश्लेषण गर्न तथा शान्ति प्रक्रियाका लागि पहल गर्ने काममा मिसन नेतृत्वलाई सहयोग पुर्‍याउने काम जारी राख्यो। राजनीतिक मामिला अधिकारीहरूले सरकारी अधिकारी, राजनीतिक दल र नागरिक समाजका संगठनका प्रतिनिधिहरूका साथै क्षेत्रीय र अन्तर्राष्ट्रिय घटक लगायतका सरोकारवालाहरूसँग नियमित रूपले भेटघाट जारी राखे। साना सशस्त्र एवम् निशस्त्र सैन्य समूहहरूका गतिविधि र उनीहरूको शान्ति प्रक्रियालाई खल्बल्याउन सक्ने क्षमताको अनुगमन गरिएको थियो। कार्यालयले बृहत् शान्ति सम्झौताका साथै अन्य सान्दर्भिक सम्झौताहरूको कार्यान्वयनको स्थितिका बारेमा मुल्याङ्कन कार्य जारी राख्यो। कार्यालयले नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोली र बृहत् अन्तर्राष्ट्रिय समुदायको बैठकहरूलाई ब्रिफिङ् पनि गर्‍यो। यसले राजनीतिक दल भित्रको र दलहरू बीचको अन्तरसम्बन्धका साथै एतिहासिक रूपले सीमान्तीकृत समूहहरूको शान्ति प्रक्रियामा बदलिदो भूमिका र प्रभावका बारे पनि गहन अध्ययन जारी राख्यो। कार्यालयले संविधानसभाका कारवाहीहरूको पनि अवलोकन गर्‍यो।

## घ. सार्वजनिक सूचना

३१. प्रतिवेदनको अवधिभरि, राष्ट्रिय स्तरका आमसञ्चारमाध्यमहरू, पूर्व माओवादी सैन्य जवानको समायोजन र पुनर्स्थापनाका साथै बेला बखतमा यी सवालहरूको सम्बोधन गर्ने विशेष समितिको गठनका बारेमा राजनीतिक नेताहरूको एकआपसमा बाझिने टिप्पणीहरूमा केन्द्रित रहे। तराईका सशस्त्र समूहहरूसँग वार्ता सम्पन्न गर्न गरिएको सम्झौता, दलको केन्द्रीय समिति बैठक र राष्ट्रिय भेलामा



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

माओवादीका नेताहरूले पेश गरेका सैद्धान्तिक रूपले भिन्न प्रस्ताव र प्रेस स्वतन्त्रताका क्षेत्रमा बिग्रँदो स्थितिहरू नै आमसञ्चार माध्यममा नियमित रूपमा समेटिएका विषयहरू थिए। राष्ट्रिय स्तरका आमसञ्चार माध्यमहरूले सरकारले अन्मिनको कार्यदिश थप गर्ने विषयमा गर्नसक्ने सम्भाव्य अनुरोध र मिसनले यसको कार्यदिशको पूरा गरे नगरेको विषयमा नेपाली काँग्रेसका केही नेताले गरेका आलोचनाको बारेमा पनि समाचार सम्प्रेशण गरे। मेरो नेपाल भ्रमण लगायत कैयन् उच्चस्तरिय भ्रमणहरू व्यापक रूप समाचारमा समेटिए।

३२. सार्वजनिक सूचना तथा अनुवाद एकाइ संविधानसभाका सदस्यहरूलाई मेरो मन्तव्य सम्प्रेशण गर्ने र १०० जना भन्दा बढी राष्ट्रिय एवम् अन्तर्राष्ट्रिय पत्रकारहरू सम्मिलित पत्रकार सम्मेलनको आयोजना गर्ने लगायत मेरो भ्रमणका कैयन् पक्षहरूमा निकट रूपले संलग्न थियो। सशस्त्र द्वन्द्वबाट प्रभावित बालबालिकालागि मेरा विशेष प्रतिनिधिको भ्रमणमा पनि आमसञ्चार माध्यमसँग सम्बन्धित रणनीतिको व्यवस्थापनमा पनि यो एकाएले महत्वपूर्ण भूमिका निर्वाह गरेको थियो। यस एकाइले संयुक्त राष्ट्रसंघ र नेपालको शान्ति प्रक्रियाको बारेमा एक पुस्तक सार्वजनिक गर्‍यो र २४ अक्टुबर (कार्तिक ८) का दिन संयुक्त राष्ट्रसंघीय दिवस मनाउन नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोलीसँग सहकार्य गर्दै काठमाडौंको संयुक्त राष्ट्रसंघ भवनमा फोटो प्रदर्शनीको आयोजना पनि गर्‍यो।

३३. एकाइले राष्ट्रिय र अन्तर्राष्ट्रिय आमसञ्चार माध्यमका लागि प्रमुख अन्तर्वार्ता र स्थलगत भ्रमणको व्यवस्थापन गर्‍यो र आमसञ्चार माध्यमको अनुगमनलाई सक्रियतापूर्वक निरन्तरता दिइ नै रहेको छ।

## ङ. सुरक्षा

३४. देशको सुरक्षा स्थिति तुलनात्मक रूपले शान्त रहयो। प्रतिवेदनको समयमा हडतालले गर्दा कर्मचारीहरू प्रभावित हुने बाहेक संयुक्त राष्ट्रसंघीय कर्मचारी र सम्पत्तिलाई प्रत्यक्ष वा अप्रत्यक्ष रूपमा नगन्य जोखिम थियो। देशका दक्षिणी भेगमा आएको भीषण बाढीले काममा वाधा पुर्‍यायो र प्राकृतिक प्रकोपसँग जुझ्ने सरकारको क्षमताको सीमितता पनि दर्शायो। यस सीमितताले राष्ट्रसंघीय कर्मचारीको सुरक्षामा पनि प्रभाव पार्न सक्छ। नेपालमा रहेको सुरक्षा विभागसँगको सहकार्य र समन्वय सुदृढ नै रहयो।

## पाँच. मिसन सहायता

३५. मिसन सहायता पक्षले मिसन क्षेत्रभरि नै अन्मिनका गतिविधिहरूमा प्रभावकारी रूपले सहायता प्रदान गर्ने काम जारी राख्यो। माओवादी सेनाका सातै वटा शिविर स्थलहरूमा हतियार अनुगमनकर्ताहरूको उपस्थिति र घुम्ती गस्तीका लागि अन्मिन कर्मचारीहरू ठूलो भौगोलिक क्षेत्रमा परिचालित हुन आवश्यक हुन्छ। काठमाडौं तथा हतियार अनुगमनकर्ता खटिएका दुर्गम स्थलहरू बीच बन्दोबस्तीका सामान, सुरक्षा तथा औषधोपचार उपलब्ध गराउनका लागि आवश्यक सञ्चार तथा उडययन स्रोतको परिचालन निरन्तर रहयो।

३६. मिसन सहायता पक्षले मिसन भित्र पूर्वाधार र भौतिक स्रोतहरूमा क्रमशः कटौती गरिरहेको छ। बन्द भएका क्षेत्रीय कार्यालयहरूका सामानहरूको थन्काउने काम भइरहेको छ भने बाँकी रहेका



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

सामानहरूलाई अन्य मिसनहरू र ब्रिन्दिसीस्थित संयुक्तराष्ट्रसंघीय लजिस्टिक बेसलाई सुम्पिने कार्य भइरहेको छ। सन् २००९ को पूर्वार्धमा मिसनको आकार सानो हुने वा मिसनको समापनसम्बन्धी गतिविधिका आधारमा थन्काउने काम र सुम्पिने काम सम्पन्न गरिने छन्। यस चरणको कटौतीले अन्तिम समापन कार्यलाई उल्लेख्य रूपले सहज पार्छ।

## छ. मानवअधिकार

३७. १ नोभेम्बर (कार्तिक १६) को संविधानसभालाई मैले गरेको सम्बोधनमा मैले दीगो शान्तिका लागि द्वन्द्वका आला घाउहरूलाई पुर्ने प्रयास गर्नु अर्थात बेपत्ता पारिएकाहरूको अवस्था सार्वजनिक गरिनुपर्ने, पीडितहरूलाई क्षतिपूर्ति दिइनुपर्ने विस्थापित व्यक्तिहरूलाई घर फर्कन सक्षम तुल्याउने कुरालाई जोड दिएको थिए। यसो गर्नका लागि विगतमा भएका मानवअधिकारको हननको सत्यको इमान्दारीपूर्वक आत्मस्वीकारोक्ति अपरिहार्य र पीडाजनक हुनुका साथै दण्डहिनताको अन्त्य गर्नु पर्छ पनि भनेको थिए।

३८. सङ्क्रमणकालीन न्यायिक संयन्त्रको स्थापनासम्बन्धी आफ्ना प्रतिबद्धताहरू पूरा गर्नका लागि सरकारले कही सकारात्मक कदमहरू चालेको छ। शान्ति तथा पुनर्निर्माण मन्त्रीले ७ नोभेम्बर (कार्तिक २२)मा विधायिका–संसदलाई सत्य निरूपण तथा मेलमिलाप आयोग चाडै गठन गर्नका लागि सरकारले काम गरिरहेको सूचित गर्नु भयो, १९ नोभेम्बर (मङ्सिर ४) मा मन्त्रीपरिषद्ले बेपत्ता पार्ने कामलाई अपराध घोषणा गर्ने तथा द्वन्द्वसँग सम्बन्धित बेपत्ता पारिएकाहरूका बारेमा अनुसन्धान गरी प्रतिवेदन दिने आयोग गठनका लागि कानुनी संरचना तयार गर्ने उद्देश्य लिएको बेपत्तासम्बन्धी मसौदा विधयेकलाई स्वीकृत गऱ्यो। उक्त मसौदा विधयेकमाथि ओएच्सीएच्आरले केही संसोधनहरूको सुझाव दिएको छ जसमाथि विधायिका–संसदले विचार गर्ने छ।

३९. ओएच्सीएच्आरले १९ डिसेम्बर (पुष ४) मा सशस्त्र द्वन्द्वका क्रममा सन् २००१ देखि २००३ सम्ममा बर्दिया जिल्लामा शृङ्खलाबद्ध रूपमा भएका बेपत्तासम्बन्धी आफ्नो अनुसन्धान प्रतिवेदन सार्वजनिक गऱ्यो। उक्त प्रतिवेदनमा १५६ जना बेपत्ताहरूको घटनालाई समेटिएको छ जसमध्ये अधिकांश पूर्व शाही नेपाली सेनाले पक्राउ गरेपछि बेपत्ता भएका थिए र ति बेपत्ताका घटना राज्य अङ्गसँग जोडिएका छन्। प्रतिवेदनमा थुनिएका मध्ये केही हिरासतमा रहदा नै मारिएका वा सुरक्षा फौजले त्यहाँबाट बाहिर निकाले पछि मारिएको भन्ने भरपर्दा साक्षीहरूको वयान उल्लेख गर्नुका साथै शाही नेपाली सेनाको चिसापानी ब्यारेकमा नियोजित यातना र क्रुर, अमानवीय वा अपमानजनक व्यवहार गरिएको अभिलेख गरिएको छ। उक्त प्रतिवेदनले नेकपा (माओवादी)बाट भएका यस्तै खालका १४ वटा घटनाहरूको पनि विवरण दिएको छ।

४०. २८ अक्टोबर (कार्तिक १२) मा नेपालसम्बन्धी आफ्नो पहिलो निर्णय लिदैं मानवअधिकार समितिले सन् २००२ मा नेपाली सेनाका अधिकारीहरूद्वारा पक्राउ गरिएका भनिएका र बेपत्ता पारिएका एक व्यक्तिको मुद्दामा नागरिक तथा राजनीतिक अधिकारसम्बन्धी अन्तर्राष्ट्रिय महासन्धिका दायित्वहरूको नेपालले उल्लङ्घन भएको भनी भएको ठहरले यी मुद्दाहरूमा हुनुपर्ने प्रगतिको आवश्यकतालाई बल पुऱ्यायो। समितिको यो विचारसँग सम्बन्धित कुराहरू समाधान गर्न कस्ता खालका उपायहरू अवलम्बन गरिएको छ भन्ने सम्बन्धमा आफ्नो धारणा १८० दिनभीत्र समितिसमक्ष पेश गर्न



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

नेपाललाई अनुरोध गरिएको छ।

४१. राष्ट्रिय मानवअधिकार आयोगले उप–प्रधानमन्त्री तथा गृहमन्त्रीलगायत वरिष्ठ सरकारी अधिकारीहरूलाई निरन्तर भेटेर दण्डहिनताको स्थीति, महिला विरुद्ध हिंसा, आयोगका सुझावहरूको कार्यान्वयनमा सरकारको असफलता तथा नेपालको शान्ति सुरक्षा स्थीतिलगायत आफ्ना विभिन्न चासोहरू राख्यो। गृहमन्त्रीसहित सरकारले आयोगसँगको सहकार्यलाई शसक्त बनाउँदै यसका सुझावहरूलाई कार्यान्वयन गर्ने वाचा गरेको बताइन्छ। तर ती वाचाहरूको व्यवहारमा कार्यान्वयन भएको भने हेर्न बाँकि नै छ।

४२. तराईका धेरै जिल्लाहरूमा सशस्त्र समूहहरूका आपराधिक गतिविधिको शिकार आमजनता बनेकाले त्यहाँ शान्तिसुरक्षाको अवस्था गम्भीर चासोको विषय रहदैं आएको छ। कपिलवस्तु जिल्लामा सशस्त्र समूहहरूको गतिविधि बढनु १४ जनाको ज्यान लिने र हजारौंलाई विस्थापित गर्ने सन् २००७ को सेप्टेम्बर महिनाको हिंसाको मूल कारणको सम्बोधन आधिकारिक निकायहरूले गर्न नसेक्नुसँग जोडिएको छ। कपिलवस्तु जिल्लामा सक्रिय सशस्त्र समूहहरूमा पूर्व प्रतिकार समितिका सदस्य(भिजिलान्ते)हरू पनि सहभागी छन् जसलाई कहिल्यै निरस्त्र गरिएन र उनीहरूमाथि नै हिंसामा सहभागी भएको आरोप छ। खोटाङ र भोजपुर जिल्लालगायत केही पहाडी जिल्लामा सशस्त्र समूहहरूका गतिविधिहरू पनि खबरमा आएका छन्। ति जिल्लामा किराँत जनवादी वर्कस पार्टीले गाँउ तहका सरकारी सचिव तथा विद्यालयका शिक्षकहरूलाई मूख्यरूपमा तारो बनाएर धम्काउने र जबरजस्ती असुलीका कामलाई निरन्तरता दिइरहेका छन्।

४३. मन्त्रिपरिषद्ले २७ अक्टोबर (कार्तिक ११) मा जिल्ला तहका अदालत वा जिल्ला प्रशासन कार्यालयमा विचाराधिन रहेका तथाकथित राजनीतिक प्रकृतिका ३४९ वटा मुद्दा फिर्ता लिने गरी गरेको निर्णयले दण्डहिनतासम्बन्धी चिन्ता थप गरिदिएको छ। ओएच्सीएच्आरले मानवअधिकार तथा मानवीय कानुनको गम्भीर उल्लङ्घनमा अनुसन्धान तथा कानुनी कारवाही अगाडि बढाउने नेपालको दायित्वलाई पुनः स्मरण गराउदै उक्त निर्णयको विवरणका लागि कानुन, न्याय तथा संविधानसभा मामिलासम्बन्धी मन्त्रीलाई अनुरोध गरेको छ। यो निर्णयले उनीहरूमाथि मुद्दा चलाउने कुरा स्थायी रूपमा रोक्ने हो वा होइन भन्ने कुरा स्पष्ट नभएपनि गम्भीर उल्लङ्घन तथा अन्तर्राष्ट्रिय अपराधहरूमा “तथ्यगत क्षमादान (डि फयाक्टो एमेनेष्टी)” को रूप नदिने कुरालाई सुनिश्चित गर्नका लागि पारदर्शी र निष्पक्ष प्रक्रियाको महत्त्वमा ओएच्सीएच्आरले जोड दिएको छ। यी मुद्दाहरूमा सरकारका वरिष्ठ सदस्य रहेका समेत गरी अधिकांश व्यक्ति भएको र ती मध्ये केही मुद्दाका घटना सशस्त्र द्वन्द्वको अन्त्य पछि भएको ओएच्सीएच्आरले पत्ता लगाएको छ।

४४. मे (वैशाख) महिनामा अपहरण गरी चितवनको माओवादी शिविरमा व्यापारी रामहरि श्रेष्ठको हत्याको सम्बन्धमा आरोपित भएका र १२ जुन (जेठ ३०)मा पक्राउ पुर्जी जारी भएका माओवादी सेनाका कमाण्डर कालीबहादुर खाम “विविध” लाई रक्षा मन्त्री (नेकपा–माओवादी)ले २१ अक्टोबर (कार्तिक ५) मा भेटेको भनी आमसञ्चार माध्यमले प्रेषण गरेको समाचारप्रति आमजनताले कडा प्रतिक्रिया दिएका थिए। मन्त्रीले ती समाचारको खण्डन गरेका थिए। हत्याको कुरा सार्वजनिक भएपछि नेकपा–माओवादीले “विविध” लाई हस्तान्तरण गर्ने भन्नुका साथै उनलाई निलम्बित गरिएको भने तापनि उनी निरन्तर रूपमा माओवादी सेनाका कमाण्डरको जिम्मेबारीको पदमा रही रहेको बताइएको छ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

श्रेष्ठको हत्याको सम्बन्धमा गठित न्यायिक छानविनको निष्कर्ष अझै पनि सार्वजनिक गरिएको छैन। उपप्रधानमन्त्री तथा गृह मन्त्रीले १० नोभेम्बर (कार्तिक २५)मा संविधानसभालाई "विविध" तथा श्रेष्ठको हत्याको सम्बन्धमा पक्राउ पुर्जी जारी भएका अन्य दुई जनालाई समात्नका लागि श्रोत परिचालन गरिने वताए । तर अहिलेसम्म कुनै गिरफ्तारी भएको छैन।

४५. अप्रिल २००८ (चैत २०६४)मा भएको संविधानसभाको निर्वाचनभन्दा अगाडिको तुलनामा सङ्ख्यात्मक हिसाबले निकै कम भएपनि नेकपा–माओवादी वा वाईसीएलका सदस्य संलग्न भएका हिंसात्मक घटनाहरू प्रकाशमा आइरहे। वाईसीएलका सदस्यले धादिङ जिल्लाबाट २० अक्टोबर (कार्तिक ४)मा अपहरण गरेका दुई युवा १८ नोभेम्बर (मङ्सिर ३)मा मृत पाइएपछि व्यापक विरोध प्रदर्शन भएको थियो (हेर्नोस् अनुच्छेद ७)। यस घटना वाईसीएलको संलग्नता भएको आरोप लगाउँदै प्रदर्शनकारीहरूले प्रधानमन्त्री र गृहमन्त्रीको राजिनामाको माग गरेका थिए। वाईसीएलका अध्यक्षले यस घटनामा पार्टीको संलग्नता नभएको र दोषीहरूमाथिको कानुनी कार्वाहीका लागि आफ्नो प्रतिबद्धता जनाए। सरकारले उक्त घटनाको सम्बन्धमा जाँचबुझ गर्नका लागि एउटा समिति गठन गरेको छ।

४६. आदिवासी/जनजातिको मानवअधिकार तथा मौलिक स्वतन्त्रता सम्बन्धी विशेष समाधिक्षक (र्‍यापोटियर) जेम्स अनायाले सरकारको निमन्त्रणामा २४ नोभेम्बर देखि २ डिसेम्बर (मङ्सिर ९ देखि मङ्सिर १७) नेपालको भ्रमण गर्नुभयो। विशेष समाधिक्षकले काठमाडौं, इलाम, झापा, चितवन र कैलालीका आदिवासी/जनजाति नेताहरूका साथै सरकारी तथा गैरसरकारी प्रतिनिधिहरूसँग भेट गर्नुभयो। आफ्नो भ्रमणको अन्त्यमा विशेष समाधिक्षकले संविधानमा आदिवासी/जनजातिको अधिकारको प्रत्याभूत हुनु पर्ने कुरामा जोड दिँदै आदिवासी/जनजातिलाई आत्मनिर्णयको अधिकार तथा स्वायततालाई विकेन्द्रिकृत निर्णय प्रक्रियाले प्रतिबिम्वित गर्नु पर्ने कुरा उल्लेख गर्नुभयो। विशेष समाधिक्षकको प्रतिवेदन सेप्टेम्बर २००९ मा हुने मानवअधिकार परिषद्को बैठकमा प्रस्तुत गरिने छ।

## सात. माइन एक्सन (बारुदी सुरुङ तथा घरेलु विस्फोटक विरुद्ध अभियान)

४७. संयुक्त राष्ट्रसंघीय माइन एक्सन टोली अन्मिनबाट स्थानान्तरण गरेर नेपालमा कार्यरत राष्ट्रसंघीय टोली अन्तर्गत र आवासीय संयोजकको निगरानीमा राखिएको छ। सरकारले ३ अक्टोबर (असोज १७) मा डिमाइनिङ गतिविधिको निरन्तरताका लागि संयुक्त राष्ट्रसंघको सहयोगलाई औपचारिक रूपमा अनुरोध गरेपछि उक्त टोलीले विस्तृत शान्ति सम्झौता एवम् हतियार तथा सेनाको अनुगमनको व्यवस्थापन सम्बन्धी सम्झौता अन्तर्गत पक्षहरूलाई आ–आफ्ना दायित्व पूरा गर्नका लागि सहयोग पुर्‍याउँदै डिमाइनिङका समग्र गतिविधिलाई पुनःसुरु गरेको छ।

४८. नेपाली सेनाका डिमाइनरहरूका लागि २४ देखि २८ नोभेम्बर ( मङ्सिर ९ देखि १३) सम्म एक हप्ते पुनर्ताजगी तालिम राखिएको थियो र त्यसपछि दुईवटा टोलीलाई कार्यस्थलमा खटाइएको छ। नयाँ डिमाइनरहरूका लागि तालिम र उनीहरूलाई कार्यस्थलमा खटाउने काम सन् २००९ को सुरुमा गरिने छ। डिसेम्बरको मध्यसम्ममा ओछ्याइएका ५३ मध्ये ५ वटा बारुदी सुरुङहरू नष्ट गरिसकिएको छ भने भने तीन वटा आंशिक रूपमा नष्ट भएको छ। डिमाइनिङको राष्ट्रिय क्षमतालाई दिगोपन दिनका लागि नेपाली सेनाको संगठनात्मक तथा व्यवस्थापकिय क्षमता अभिवृद्धिका लागि विस्तृत रणनीतिक योजनाको विकास गरिदैंछ।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

४९. वेलायती (युनाइटेड किङ्गडम अफ ग्रेट ब्रिटेन एण्ड नर्दन आएरल्याण्ड) राजदुतावाससँगको साझेदारीमा काम गरिरहेको संयुक्त राष्ट्रसंघीय माइन एक्सन टोलीले नेपाली सेनाको विष्फोटक सैन्य सामाग्री र घरेलु विष्फोटक पदार्थ नष्ट गर्ने टोलीको क्षमता तथा उपयुक्त राष्ट्रिय क्षमताको दिगोपनका लागि आवश्यक तालिमका बारेमा मूल्याङ्कन गरिरहेको छ। यो परियोजना सुरु गर्नका लागि संयुक्त राष्ट्रसंघका प्राविधिक सल्लाहकार तथा विष्फोटक सैन्य सामाग्री एवम् घरेलु विष्फोटक पदार्थ नष्ट गर्ने प्रविधिका विशेषज्ञले नेपालमा नै आएर यससम्बन्धी नेपाली सेनाको क्षमताको मूल्याङ्कन गरेका छन्। यही मूल्याङ्कनका तथा त्यसपछि दिइएका सुझावका आधारमा यस क्षेत्रमा नेपाली सेनाको क्षमता अभिवृद्धिका लागि तालिम सञ्चालन गरिने छ।

५०. समुदायमा बारुदी सुरुङ तथा घरेलु विस्फोटक पदार्थहरू रहेकाले त्यसबाट निरन्तर रूपमा क्षति भइरहेको छ, तर अघिल्ला दुई वर्षका तुलनामा त्यसबाट उत्पन्न हुने धनजनको क्षतिमा भने व्यापक कमि आएको छ। १ जनवरी (२०६४ पुष १७) देखि ३० नोभेम्बर (२०६५ मङ्सिर १५) सम्ममा जनधनको क्षतिका ६३ वटा घटना प्रकाशमा आए जबकि नोभेम्बर २००७ सम्ममा ९० वटा र २००६ मा १६४ वटा त्यस्ता घटना भएका थिए।

५१. विस्तृत शान्ति सम्झौता अन्तर्गतका नक्साको प्रावधान केही हदसम्म मात्र पूरा भएका छन्। नेपाली सेनाले ५३ वटा माइनफिल्डको नक्सा बुझाएको छ तर कमाण्ड–डेटोनेटेड डिभाइससहित खटाइएका २७५ वा त्यसभन्दा बढी सुरक्षा अवस्थितिको गोप्य विवरणका गोप्यता भने खुलाइएको छैन।

## आठ. नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोलीसँगको समन्वय

५२. विशेषत मेरा विशेष प्रतिनिधिले अध्यक्षता तथा आवासीय संयोजकले उपाध्यक्षता गरेको नेपालका लागि राष्ट्रसंघीय शान्ति कोषमा सहित प्रतिवेदनको अवधिमा अन्मिन र नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोलीले निरन्तर रूपमा नजिक रहेर काम गरेका छन्। राष्ट्रसंघीय शान्ति कोष प्रबर्द्धन कोषबाट एक करोड डलर निकासा भएपछि नेपालका लागि राष्ट्रसंघीय शान्ति कोष बिदाइ र पुनःसमायोजनका क्षेत्र भित्रका परियोजना तथा शान्ति सम्झौताअन्तर्गत गठन हुनुपर्ने समितिहरू, युवा रोजगारी, आवास तथा भूमि र स्थानियस्तरमा शान्ति संवर्द्धन क्षमताका लागि एक करोड बाइस लाख डलर विनियोजन गर्ने प्रक्रियामा छ । यसअघिको मेरो प्रतिवेदनपछि उक्त कोषमा नर्वे सरकारले पनि अतिरिक्त योगदान दिने भएको छ। अन्मिनको यो कार्यदिश समाप्त भएपछि कोषको कार्यसमितिको अध्यक्षता आवासीय संयोजकले गर्ने सहमति भएको छ।

५३. संविधानसभा तथा यसका सदस्यहरूलाई विभिन्न क्षेत्रमा सहयोग प्रदान गरिएको छ। यस अन्तर्गत सुरक्षा परिषद्को प्रस्ताव १३२५ (२०००) लाई सहायता पुऱ्याउनका लागि महिला सभासद्हरूलाई संसदीय संस्कृति, संविधान निर्माण, मानवअधिकार, लैङ्गिक मामिला तथा सामाजिक समावेशीकरणमा अभिमुखिकरण गरियो। अन्य क्रियाकलापमा आदिवासी/जनजाति पृष्ठभूमि भएका सभासद्हरूलाई सामाजिक समावेशीकरण तथा संविधान निर्माण प्रक्रियाका बारेमा केन्द्रित तालिम पनि थियो। संयुक्त राष्ट्रसंघले सभासद्हरूका लागि मानविय सहायता तथा जोखिम व्यवस्थापनका विषयमा केन्द्रित दुई दिने सेमिनारको प्रायोजन गऱ्यो। जनवरी २००९ मा खोलिने नयाँ संवैधानिक संवादका लागि राष्ट्रसंघीय



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

केन्द्रका लागि भवन मर्मत कार्य भइरहेको छ।

५४. युवा नेपालीहरूको बढ्दो जनसङ्ख्या तथा मुलुकको भविष्यको समृद्धि र स्थायित्वमा उनीहरूको मुख्य भूमिकालाई ध्यान दिँदै नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोलीले २३ अक्टोबर (२०६५ कार्तिक ७) मा राष्ट्रसंघीय युवा परामर्स मण्डल गठन गर्‍यो। उक्त मण्डलले राष्ट्रसंघलाई राष्ट्रसंघीय विकास सहायता फ्रेमवर्क अन्तर्गत युवामुखी रणनीतिका लागि सल्लाह दिन्छ।

५५. आवासीय संयोजक/मानवीय सहायता संयोजकको नेतृत्वमा तथा मानवीय सहायता संयोजनको कार्यालयको सहायतामा राष्ट्रसंघीय केन्द्रिय आपतकालीन सहायता कोषका लागि एउटा कामको सफलतापूर्व सम्पादन भएको छ।जस अन्तर्गत गम्भीर खाद्य असुरक्षाको पीडा भोगिरहेका ग्रामिण समुदायका लागि तीस लाख डलर विनियोजन गरियो।यो परियोजना मुलतः मुलुकको सबैभन्दा पीडित जिल्लाका जोखिममा रहेका परिवार, महिला, बालबालिका, अल्पसङ्ख्यक जाति तथा आदिवासी/जनजातिको खाद्य आवश्यकता पूर्तिमा लक्ष्यित गरिएको थियो।यससँगै कोसीको बाढी, मध्य र सुदुर पश्चिमाञ्चलमा गएको बाढी र पहिरो, खाद्य संकट तथा अन्य मानवीय आवश्यकताका लागि सन् २००८ मा राष्ट्रसंघीय केन्द्रिय आपतकालीन सहायता कोषले खर्च गरेको श्रोत १ करोड २६ लाख डलर पुगेको छ। यसका अतिरिक्त, खाद्य असुरक्षा भोगिरहेका तथा द्वन्द्वबाट पीडित २७ लाख मानिसको जीवन रक्षा तथा उत्थानका लागि विश्व बैंकले नेपाल सरकारका मार्फतबाट विश्व खाद्य कार्यक्रमलाई २७ लाख डलर प्रदान गरेको छ।

५६. भविष्यमा शान्ति संवर्द्धन प्रक्रियामा राष्ट्रसंघको प्राविधिक सहयोगको माग हुन सक्ने क्षेत्रहरूका बारेमा नेपालमा कार्यरत संयुक्त राष्ट्रसंघीय टोलीले अन्वेषण गरिरहेको छ।यससन्दर्भमा राष्ट्रसंघीय मानवीय आवास कार्यक्रम (युएन–ह्याबिटयाट) र राष्ट्रसंघको खाद्य तथा कृषि संगठनले आवास, भूमि तथा सम्पत्तिसम्बन्धी मुद्दाहरूको पुनरावलोकनका लागि मिसन पठाएको थियो । यसैगरी नेपालकोजस्तो महत्त्वपूर्ण क्षेत्रको सम्भावित विकासमा संयुक्त राष्ट्रसंघको कस्तो सहयोग गर्न सक्छ भनेर अन्वेशण गर्न डिसेम्बरमा विश्व पर्यटन संगठनको तथ्य पत्ता लगाउने (फ्याक्ट फाइन्डिङ) मिसन आएको थियो।

## नौ. अवलोकन

५७. अक्टोबर महिनाको अन्त्य ताकाको नेपाल भ्रमणका क्रममा शान्ति प्रक्रियाको उपलब्धिले म थप प्रभावित भएको थिए, तर अन्मिनको कार्यदिशसँग सम्बन्धित मुद्दाहरूमा भएको थोरै प्रगतिको प्रतिवेदन प्रस्तुत गर्नु पर्दा भने म असन्तुष्ट छु। विशेषत आफ्नो महत्त्वपूर्ण काम थाल्नका लागि माओवादी सेनाका सदस्यहरूको सुपरिवेक्षण, समायोजन तथा पुनर्स्थापना सम्बन्धी विशेष समितिको गठनका सम्बन्धमा राजनीतिक दलहरू अहिलेसम्ममा सहमतिमा पुग्न असफल हुनु अफसोसजनक छ।यो राजनीतिक दलहरूका बीचमा रहेको बृहत् तनावको दह्रो सङ्केत हो र यसले शान्ति प्रक्रियालाई टुङ्गोमा पुर्‍याउने र संविधानको लेखन कार्यलाई नै जोखिम हुन सक्छ। सहयोगात्मक भावले संवादका माध्यमबाट साझा दृष्टिकोण तयार गर्दै आगामी कयौं पुस्ताका निम्ती अटल नेपालको आधारशिला तयार गर्नका लागि नेपाल भ्रमणका क्रममा मैले राजनीतिक पात्रहरूलाई गरेको अपिल दोहराउन चाहन्छु।

५८. १२ डिसेम्बर (मङ्सिर २७)का दिन संयुक्त राष्ट्रसंघमा नेपालका स्थायी प्रतिनिधिले अन्मिनका कामहरूको प्रंशसा गर्दै आफ्ना सरकारका तर्फबाट अन्मिनको विद्यमान कार्यदिश तथा त्यससम्बन्धित



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

कामहरू २३ जनवरी २००९ (२०६५ माघ १०) बाट ६ महिनाका लागि थप गर्ने अनुरोधसहित पत्र लेख्नु भएको छ।

५९. आफ्नो प्रस्ताव नं १८२५ (२००८) मा सुरक्षा परिषद्ले सबै पक्षहरूलाई शान्ति प्रक्रियाको सहयोगमा अन्मिनको कार्यादेशका बाँकी रहेका पक्षहरूको समापनका लागि आफ्नो कार्यादेश भित्रको अन्मिनको विशेषज्ञता र अग्रसरताको फाइदा लिन आग्रह गरेको थियो। यसैगरी परिषद्ले नेपालबाट अन्मिन फर्कने वातावरण सहज बनाउन २५ जुन (२०६५ असार ११) को सम्झौताको कार्यान्वयनसहित यसै कार्यादेशको अन्त्यसम्ममा अन्मिनका गतिविधिको समापनका लागि अत्यावश्यक अवस्थाको सिर्जना गर्न आवश्यक निर्णय लिने क्रमलाई निरन्तरता दिन नेपाल सरकारलाई आग्रह गरेको थियो। मैले तथा मेरा विशेष प्रतिनिधिले अन्मिन फर्कनका लागि आवश्यक रणनीतिका लागि माओवादी सैन्य शिविरमा रहेकाहरूको भविष्यका बारेमा निर्णय आवश्यक छ भनेर बारम्बार ध्यानाकर्षण गर्दै आएका छौं र यो मुद्दा सहमति भएको प्रक्रिया अर्थात विशेष समिति मार्फत सम्बोधन हुनुपर्छ भनेर आव्हान गर्दै आएका छौं।

६०. प्रधानमन्त्रीले न्युयोर्क र काठमाडौंमा मलाई भेट्दा र मेरा विशेष प्रतिनिधिलाई अन्मिनको कार्यावधि थप्नका लागि अनुरोध गर्न सकिने सङ्केत दिएपछि हतियार तथा सेना व्यवस्थापनसम्बन्धी संयुक्त राष्ट्रसंघको काम तथा विशेषत विशेष समितिको कामका सन्दर्भमा मेरा विशेष प्रतिनिधिका मार्फतबाट सुझावहरू दिने काममा योगदान गर्नका लागि एउटा सानो सल्लाहकार टोलीले ५ देखि १४ डिसेम्बर (मङ्सिर २० देखि २९ ) सम्म नेपालको भ्रमण गऱ्यो। टोलीको गठन राजनीतिक मामिला विभागको मध्यस्थता सहयोग एकाइका मार्फतबाट भएको थियो र यसको नेतृत्व अवकास प्राप्त मेजर जनरल माइकल स्मिथले गर्नु भएको थियो, मे. ज. स्मिथ इष्ट टिमोरको संयुक्त राष्ट्रसंघीय संक्रमणकालीन प्रशासनको पूर्व राष्ट्रसंघीय डेपुटी फोर्स कमाण्डर तथा अष्ट्रेलिया सरकारले हालै स्थापना गरेको एसिया प्यासिफिक सिभिल–मिलिटरी सेन्टर फर एक्सिलेन्सका कार्यकारी निर्देशक हुनुहुन्छ, र केन्द्रले उदारतापूर्वक उहाँको सेवा उपलब्ध गराएको थियो। उक्त टोलीले प्रधानमन्त्री, विशेष समितिको अध्यक्षताको समेत जिम्मेवारी पाउनु भएका उपप्रधानमन्त्री, अन्य अधिकारीहरू, सेनापति तथा नेपाली सेनाका वरिष्ठ अधिकारीहरू, माओवादी सेनाका कमाण्डरहरू, राजनीतिक दलका प्रतिनिधिहरू र समायोजन तथा पुनस्थापनामा सघाउन इच्छुक अन्तर्राष्ट्रिय समुदायका सदस्यहरूसँग भेटघाट गरेको थियो।

६१. भ्रमण अवधिभरि नै वरिष्ठ अन्मिन पदाधिकारीहरूका साथमा रहेको सो टोलीले सम्पूर्ण नेपाली सरोकारवालाहरूले विशेष समितिले काम थालिसकेपछि यसको सहायताका लागि संयुक्त राष्ट्रसंघले भूमिका खेल्ने अपेक्षा गरेको ठम्यायो। अन्तर्राष्ट्रिय समुदायका अधिकांश प्रतिनिधीहरूले विशेष समितिलाई दिइने अन्तर्राष्ट्रिय सहायताको संयोजन मिलाउने काममा संयुक्त राष्ट्रसंघ नै सबैभन्दा उचित निकाय भएको राय व्यक्त गरेका थिए। समायोजन र पुनर्स्थापनाको प्रक्रियामा एवम् नावालिग र अन्मिनको प्रमाणिकरणको सिलसिलामा योग्य नठहरिएका अन्यको बिदाइ गर्ने बेलामा अन्मिनका हतियार अनुगमनकर्ता र संयुक्त अनुगमन समन्वय समितिको भूमिका महत्त्वपूर्ण रहने कुरामा सबैजना विश्वस्त थिए।

६२. शान्ति प्रक्रियालाई जोखिममा नपार्ने हो भने संयुक्त राष्ट्रसंघले नेपाल सरकारले अनुरोध गरे



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN
THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)

बमोजिम अन्मिनमार्फत प्रदान गर्दै आएको सहयोग तत्काल बन्द गर्न नसक्ने कुरा स्पष्ट नै छ। तर पूर्व लडाकुहरूको भविष्यका बारे निर्णय गर्ने प्रक्रिया थप ढिलाई भएको खण्डमा संयुक्त राष्ट्रसंघले अनिश्चित कालसम्म हतियार र सशस्त्र जवानहरूको अनुगमन गरिरहन पनि सक्दैन। मैले निरन्तर रूपमा अन्मिनले आफ्नो काम सकेसम्म छिटो सम्पन्न गरेर मिसनको अन्त्य गर्न कोशिश गरेको छु र मिसनको म्याद थपिने हो भने यसको आकार अझ सानो हुनुपर्ने भनि सुरक्षा परिषद्का केही सदस्यहरूले व्यक्त गर्नु भएको सरोकार प्रति पनि म सचेत छु। त्यसैले २३ जनवरी २००९ (२०६५ माघ १०) देखि मिसनको आकार अझ सानो हुने गरी परिषद्लाई अन्मिनको कार्यदिश छ महिनाको लागि थप्न सुझाव दिन चाहन्छु। संयुक्त राष्ट्रसंघले विशेष समितिको कामका साथै नाबालिग र अन्य योग्य नठहरिएका जवानहरूको बिदाइको काम जतिसक्दो चाँडो अघि बढाउन आग्रह गर्न जारी राख्ने छ र ती प्रक्रियाहरूमा सहायता पुऱ्याउने छ। नेपालमा शान्ति प्रक्रिया सम्पन्न गर्ने र अन्मिनको कार्यदिश जति सक्दो छिटो समाप्त गर्ने आशाका साथ यी कार्यहरू गरिनेछन्। अन्मिनले सरकार समक्ष यसको अनुगमन सम्बन्धी आवश्यकताहरूमा कटौती गर्नका लागि अन्तरिम उपायहरूका बारेमा ध्यान दिन सरकारलाई आग्रह गर्न पनि जारी राख्नेछ। यसको प्रगति विवरण ३० अप्रिल २००९ (२०६६ वैशाख १७) सम्ममा परिषद्लाई पेश गरिनेछ।

६३. जुलाईमा अन्मिनको आकार घटाउँदा नै स्वीकृत तथा सदस्य राष्ट्रहरूले योगदान गर्ने ७३ जना सैन्य हतियार अनुगमनकर्ताहरूलाई निरन्तरता दिने र अवकास प्राप्त सेनाहरूद्वारा पदपूर्ति गरिएको १८ जना गैरसैनिक हतियार अनुगमनकर्ताहरूको भूमिका २३ जनवरी २००९ (२०६५ माघ १०) देखि अन्त्य गर्ने प्रस्ताव गर्छु। हतियार अनुगमनकर्ताको सङ्ख्या थप कटौती गर्ने कुरा अर्को अन्तरिम वैकल्पिक कति चाँडो व्यवस्था गर्न सकिन्छ भन्ने कुरामा निर्भर हुन्छ। राजनीतिक मामिला शाखामा अझ थप कटौती गरिँदैछ, कयौं मूलभूत पदहरू खारेज गरिएका छन् जसले गर्दा मूलभूत पदहरूमा एकतिहाइ कटौती गरिएको छ। सहयोगी सेवाहरूमा आउँदा दिनमा अधिक मात्रामा कटौती गरिँदैछ र अत्याधिक कामको सम्पादन स्थानीय कर्मचारी मार्फत गरिने छ; सहयोगी सेवामा कार्यरत विदेशी कर्मचारीको सङ्ख्यामा लगभग आधा कटौती गरिएको छ। यी कटौतीसँगै अन्मिनको नेतृत्व महासचिवको विशेष प्रतिनिधिका सट्टामा महासचिवका प्रतिनिधिले गर्नेछन्।

६४. विशेष समितिले आफ्नो काम सुरु गरेपछि पनि आमसहमति सहजै जुट्ने छ भन्ने मलाई लागेको छैन। यस सम्बन्धमा माओवादी तथा नेपाल सेनाले चाहेका प्रणालीका विषयमा राजनीतिक दलहरूमा र कतिपय अवस्थामा एउटै दल भित्र पनि फरक–फरक विचार र अडान छन्। विस्तृत शान्ति सम्झौतामा सेनाहरूको भविष्यका सम्बन्धमा विस्तृत रूपमा बोलिएको छैन, त्यसमा विशेष समिति र नेपाली सेनाको लोकतान्त्रिकरणका लागि कार्ययोजनाजस्ता प्रक्रियागत कुराको मात्रै उल्लेख गरिएको छ तर ती पनि अझै सुरु हुन बाँकी नै छ। हालै टोलीसमक्ष सहायता आवश्यक भएको अभिव्यक्ति दिएको सरकारले उक्त कुराको पुनः पुष्टी गरेको खण्डमा विशेष समितिले आफ्नो काम सुरु गरेपछि आवश्यकता बमोजिम सहायता पुऱ्याउनका लागि राष्ट्रसंघ सदैव तयार छ। तसर्थ म फेरि एक पटक सबै नेपाली पक्षलाई मिलेर काम गर्न र चाँडो भन्दा चाँडो माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापन गर्न आग्रह गर्छु।

६५. माओवादी सेनाका लडाकुहरूको समायोजन र पुनर्स्थापना दिगो शान्तिका लागि अत्यन्त चुनौतीपूर्ण



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL.)

विषय हो तर यो नेपालले सामना गर्नुपर्ने अरू थुप्रै चुनौतीहरूमध्येको एउटा चुनौती मात्र हो। यसैगरी शान्ति प्रक्रिया अन्तर्गत गरिएका अन्य थुप्रै प्रतिबद्धताहरूको कार्यान्वयन, समग्र शान्ति सुरक्षाको स्थितिमा विशेष गरी तराईमा गर्नुपर्ने सुधार, विद्यमान दण्डहिनताको अन्त्य र द्वन्द्वका क्रममा लागेका घाउमा मलम लगाउने काम, संघात्मक संविधान मस्यौदा गर्नका लागि जुटाउनु पर्ने आमसहमति, सरकारी पद विशेष गरी सुरक्षा बलमा समेत गर्नुपर्ने समावेशीकरणको प्रबर्द्धन र यी चुनौतीहरूको सामना गर्नका लागि आवश्यक पर्ने राजनीतिक दलहरू बीचको यथेष्ट सहकार्य र सहमति जस्ता कुरालाई विचार गर्दा नेपालको शान्ति प्रक्रिया अझै नाजुक रहेको कुरा थाहा हुन्छ। यो प्रक्रिया नेपालीहरू कै नेतृत्वमा छ र रही रहनेछ तर आग्रह गरिएका बखतमा आवश्यक सहायता पुऱ्याउन राष्ट्रसंघ सदा तत्पर छ।

६६. अन्तर्राष्ट्रिय समुदायले नेपाललाई सहयोग समाप्त गर्नका लागि परिस्थितिको नाजुकता कुनै कारण हुन सक्दैन। यसको ठिक विपरित मैले मेरो नेपाल भ्रमण संयुक्त राष्ट्रसंघका विकास निकायहरूको सहयोगलाई बढाउन मात्र होइन अन्तर्राष्ट्रिय समुदाय सबैलाई नेपालीहरूले संघर्ष गरेर पाएको शान्तिको लाभ पाउनका लागि सहयोग गर्नका लागि अपिल गर्न पनि गरेको हुँ।

६७. अन्त्यमा, नेपाललाई गर्नुभएको निरन्तर सहयोगका लागि म सुरक्षा परिषद् र अन्य सदस्य राष्ट्रहरूलाई हार्दिक आभार व्यक्त गर्न चाहन्छु। यसका साथै म नेपालका लागि मेरा विशेष प्रतिनिधि, उहाँका कर्मचारी र नेपालस्थित उहाँहरूका साझेदार सङ्गठनहरूको अथक प्रयासका लागि कृतज्ञता व्यक्त गर्न चाहन्छु।



यो मूल रूपमा अङ्ग्रेजीमा तयार पारिएको दस्तावेज हो। अङ्ग्रेजी र नेपाली पाठमा
कुनै कुरा बाझिएमा वा अस्पष्ट भएमा अङ्ग्रेजी पाठ मान्य ठहरिनेछ ।

(THE ORIGINAL DOCUMENT IS IN ENGLISH. IN THE EVENT OF ANY AMBIGUITY BETWEEN THE ENGLISH AND NEPALI VERSIONS, THE ENGLISH VERSION SHALL PREVAIL)